# लिपि विकासका सन्दर्भमा देवनागरी लिपिका समस्याहरू

**गोपालबहादुर श्रेष्ठ**
उपप्रा. नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि., कीर्तिपुर
shresthagopal822@gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा लिपिको विकासक्रम, लिपिका प्रकार र देवनागरी लिपिको टङ्कणमा देखिएका समस्याहरूको सटिक रूपमा चर्चा गरिएको छ। लिपिको परिचय, विकास, प्रकार र देवनागरी लिपिको समीक्षा गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ। लिपिलाई मुख्य सैद्धान्तिक अवधारणा बनाई गुणात्मक ढाँचाको उपयोग गरेर यो लेख तयार पारिएको छ। विश्वका केही प्रचलित लिपिको समीक्षाबाट चित्रलिपि, सङ्केतात्मक लिपि हुँदै भावात्मक लिपिको वर्णात्मक लेखनको चरणबाट आधुनिक लिपिको विकास भएको निष्कर्ष निकालिएको छ। ब्राह्मी लिपिको उत्तरी र दक्षिणी गरी दुई शाखामध्ये उत्तरी शाखाबाट देवनागरी लिपिको विकास भएको हो। आधुनिक नेपाली भाषाको विकासमा देवनागरी लिपिको महत्त्वपूर्ण स्थान रहेको छ । देवनागरी लिपिको टङ्कणमा देखिएका समस्या न्यूनीकरण गर्दै अगाडि बढेमा यस लिपिले विज्ञान र प्रविधिको आधुनिक विकासलाई सम्बोधन गर्दै विकसित हुने कुराको निर्क्यौल गरिएको छ। सामग्री सङ्कलनमा द्वितीयक स्रोतका सामग्रीको उपयोग गर्दै पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, शोधपत्र, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक, विश्लेषणात्मक रूपमा विश्लेष्य विषयको निष्कर्षमा पुगिने विशुद्ध गुणात्मक विधिको उपयोग गरिएको छ । लिपिको बारेमा जिज्ञासा भएका जिज्ञासु, अनुसन्धाता, विद्यार्थी, पाठक वर्गलाई प्रस्तुत लेखले महत्त्वपूर्ण बौद्धिक खुराक दिने कुराको विश्वास लिन सकिन्छ।*

**मुख्य शब्दावली :** चित्रलिपि, भावलिपि, लिपिशास्त्री, वर्णात्मक लिपि, सङ्केत लिपि।

## विषय प्रवेश

भाषाको उपयोग मानवले आफ्नो दैनिक व्यवहार सञ्चालनका लागि गर्छ। यसका कथ्य र लेख्य गरी दुई भेद हुन्छन्। लिपि लेख्य भाषासँग सम्बन्धित छ। भाषा यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था हो भने लिपि त्यस्ता प्रतीकहरूको पनि प्रतीक हो। विभिन्न वस्तु, भाव र विचार जनाउन जति ध्वनि निकालिन्छ ती प्रतीक वा चिह्न हुन् भने लिपिबद्ध भाषा पनि त्यस्तै मुखोच्चरित ध्वनिहरूका ठाउँमा आएका चिह्न हुन्। लिपि भनेको भाषा लेख्नका लागि प्रयोग हुने लेख्य–चिह्न हो । मानव मनको भाव लेखेर व्यक्त गर्ने साधनलाई लिपि भनिन्छ। यसले भाषामा रहेका वर्ण अक्षर वा शब्दको प्रतिनिधित्व गर्दछ (योञ्जन–तामाङ, २०७४, पृ. ५३)। भोल्टेयरका भनाइमा 'लिपि वाणीको चित्र हो' (बन्धु, २०७७, पृ. २२९)। यसरी लिपिलाई भाषाका ध्वनि, वर्ण र लेख्य चिह्नको सामूहिक नामका रूपमा चिनाउन सकिन्छ।

लिपि भाषाको लिखित पक्षसँग सम्बन्धित रहेकाले यो भाषाको स्थायी स्वरूप भित्र पर्दछ। अर्थले युक्त उच्चार्य स्वरूपलाई लेख्य चिह्नमार्फत चित्रात्मक वा दृश्यात्मक बनाउने कामका लिपिको प्रयोग गरिन्छ। लिपिको अभिप्राय विशेष रूपमा कलम, किलो वा यस्तै कुनै चिजले कागत, ढुङ्गा, काठ, धातु आदि वस्तुमा कोरिएका कुनै समाजमा परम्परागत रूपमा

प्रचलित चिह्न भन्ने बुझिन्छ । प्राचीन कालका सुमेरुबासी, बेबिलोनियाली, असिरेली, कस्सितेली, हिट्टेली र मितानेलीहरूले प्रयोग गरेका लिपि वाणाकार देखिए तापनि ती लिपि चित्रकै विकसित रूप हुन् भन्ने लिपिशास्त्रीको भनाइ छ (बन्धु, २०७७, पृ. २३२) । यसरी चित्रलिपिबाटै विस्तारै लिपिको विकास सुरु भएको मानिएको छ।

भाषा र लिपि अन्तरसम्बन्धित विषय भए पनि यसमा प्रशस्त भिन्नता छन्। भाषा प्रारम्भिक स्वरूप हो भने लिपि पश्चवर्ती स्वरूप हो । भाषा उच्चरित प्रकृतिको भए पनि लिपि दृश्यात्मक र पाठ्यात्मक प्रकृतिको हुन्छ । भाषामा आन्तरिक स्वरूप हुने भएकाले यो सूक्ष्म हुन्छ तर लिपिमा बाह्य वा चित्रात्मक प्रकृतिको हुने हुनाले स्थूल हुन्छ । ध्वन्यात्मक हुने भएकाले भाषाको स्थिति परिवर्तनशील हुन्छ। लिप्यात्मक हुने भएकाले लिपिको स्थिति स्थिर वा कम परिवर्तनशील हुन्छ ।  भाषामा सुर, ताल, तीक्ष्णता, मात्रा आदि मनोभावनाको गहन अभिव्यक्तिको प्रवलता रहन्छ । लिपिमा यस्तो अभिव्यक्ति हुन सक्दैन। तसर्थ यसमा लेख्य चिह्नको ख्याल गरिन्छ।

नेपालका केही भाषाको मात्र समृद्ध लेख्य परम्परा रहेको छ। तिनमा नेपाली, मैथिली, तिब्बती, शेर्पा, ल्होवा, नेवार, लिम्बु, भोजपुरी, अवधी र लेप्चा प्रमुख छन्। नेपालका धेरै भाषाको लेख्य परम्परा छैन (रेग्मी, सन् २०१७, पृ. २३४) । नेपालका धेरै जसो मातृभाषालाई देवनागरी लिपिमा आवश्यकता अनुसार अनुकूलन गरी  उपयोग गरिने कार्य पनि भएको पाइन्छ। नेपालमा बोलिने भाषामध्ये नेपाली, मैथिली, भोजपुरी, अवधी, नेवार, राजवंशी, मगर, तामाङ र किराँती भाषाहरू देवनागरी लिपिमा लेखिन्छन् । मैथिली भाषाको मिथिलाक्षर/तिरहुता र कैथी लिपि, तामाङ भाषाको सम्बोटा/तामहिग लिपि, नेपाल भाषाको रञ्जना लिपि प्राचीनतम लिपि हुन्। अहिले यी भाषामा देवनागरी लिपि  प्रयोग हुन थालेको पाइन्छ।

### उद्देश्य

प्रस्तुत लेखको उद्देश्य लिपिको विकासको क्रमको विश्लेषण गर्नु रहेको छ । लिपिको प्रकार र देवनागरी लिपिको सम्बन्धको खोजी गरी देवनागरी लिपिको टङ्कणमा देखिएका समस्याको समीक्षा गर्नु यस लेखको अर्को उद्देश्य रहेको छ।

### अध्ययन विधि


प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित छ। सामग्री सङ्कलनको लागि द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। पुस्तकालयको प्रयोग गरी विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिबाट तथ्य लिई विश्लेष्य विषयको निष्कर्ष निकालिएको छ।

### सैद्धान्तिक अवधारणा र विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणाका रूपमा लिपिसिद्धान्त हो । लिपिका आधारमा यसका विविध पक्षको व्याख्या र विश्लेषण गरिएको छ । सैद्धान्तिक अवधारणाले अवधारणात्मक ढाँचालाई निर्माण गर्न सहयोग गर्दछ । प्रस्तुत लेखको लागि लिपिको परिचय, लिपिको विकास, लिपिको प्रकार र देवनागरी लिपिको समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ।

### अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचाले अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउन सहयोग गर्दछ । यस लेखको अवधारणात्मक ढाँचा निम्न लिखित रहेको छ :



### लिपिको विकासक्रम

लिपि विकासको ठोस आधार प्राप्त गर्न सकिएको छैन। मानव सभ्यताको विकाससँगै लिपिको विकास प्रारम्भ भएको मानिएको छ। कथ्य भाषाको प्रयोग, विकास र विस्तार पश्चात् मात्र लिपिको विकास भएको हुन्छ। लिपिको विकासमा धार्मिक मत र विकासवादी मत रहेको पाइए पनि विकासवादी मतलाई बढी प्रामाणिक र वैज्ञानिक मानिएको देखिन्छ। मानिसले भाषाका ठाउँमा चिह्नहरूको उपयोग गर्न थालेपछि लिपिको प्रारम्भिक विकास सुरु भएको लिपिशास्त्रीहरूको मत छ । सर्वप्रथम चित्रमय सङ्केताक्षरको प्रयोग सुमेर सभ्यताका निर्माताहरूले इसापूर्व ४०००–३००० वर्ष पहिलेदेखि गर्न थालेको पाइएको छ। गिलो चिम्ट्याइलो माटोमा तिखा किलाले अक्षराङ्कन गरिएको हुनाले सुमेर लिपिलाई कीलाक्षर वा वाणाक्षर भनिन्छ (अधिकारी, २०७५, पृ.१३२) । सुरुमा चित्रलिपि, अनि भावात्मक लिपि, आक्षरिक लिपि र वार्णिक लिपि विकसित भएका मानिन्छन् (बन्धु, २०७४, पृ. १) । लिपि विकासको अवस्था निम्नानुसार अगाडि बढेको देखिन्छ :

### चित्रलिपि

चित्रलिपिलाई लिपिको प्रारम्भिक चरण भएकाले यसलाई प्रथम चरण पनि भनेर लिपिशास्त्रीहरूले विश्लेषण गरेका छन् । संसारमा लिपिको विकासक्रमलाई हेर्दा आजभन्दा छ हजार वर्ष अगाडि चित्र लिपिको विकास भएको पाइन्छ (योञ्जन-तामाङ, २०७४, पृ. ५३) । प्राचीन कालमा मानिसले आफू बस्ने गुफामा चित्र बनाएर सूचना र विचारको सम्प्रेषण गर्ने कार्यबाट यसको सुरुवात भएको मानिन्छ। चित्रात्मक उपकरणबाट यस लिपिको विकास भएकाले अमूर्त कुराको सम्प्रेषणमा कठिनाइ हुने अनुमान गर्न सकिने प्रशस्त आधारको समीक्षा यस समयको लिपिमा गर्न सकिन्छ। मान्छे चिन्नका लागि मान्छेकै चित्र बनाइने गरिएको यस्ता लिपि सबैले बुझ्ने खालका हुन्थे । चित्रलिपिबाट नै ई.पू. ४००० तिर वाणलिपिको विकास भएको मानिन्छ (बन्धु, २०७४, पृ. ४)। भाषाद्वारा अभिव्यक्त सबै कुराको चित्र बनाउन गाह्रो भएकाले कालान्तरमा यसलाई सरल तुल्याउँदै ल्याइएको छ।

### भावलिपि

चित्रलिपिको सूक्ष्म र व्यवस्थित रूप भावलिपि हो। यसलाई लिपि विकासको द्वितीय चरणको रूपमा लिन सकिन्छ । यसमा चित्रात्मकता हटेर सङ्केतात्मकता आएकाले यस समयमा विविध सङ्केतहरू विकास भएका पाइन्छन् । एउटै सङ्केतबाट विविध भाव वा अर्थ व्यक्त गर्ने कार्य यस लिपिका माध्यमबाट भएको देखिन्छ। ई.पू. २००० तिर चिनियाँ र मिस्रेली लिपिमा यस्तै किसिमका सङ्केत देखिन थालेका थिए (बन्धु, २०७४, पृ. ५) । यस लिपिमा प्रत्येक शब्दका लागि भिन्नाभिन्नै चिह्नको प्रयोग गरिएकाले सामान्य कुरा लेख्न र पढ्न पनि धेरै चिह्नहरू जान्नु पर्ने हुन्छ।

### ध्वनिलिपि

ध्वनिको पहिचान गरी दृश्य स्वरूपलाई लेख्य परम्परामा लाने प्रयास भएकाले यसलाई लेखन प्रारम्भ हुने समय मानिन्छ। यसको लिपि विकासको तृतीय चरणसँग छ । यसका शब्दात्मक, अक्षरात्मक र वर्णात्मक लेखन गरी तीन चरण छन्।

- **शब्दात्मक लेखन**

  एउटा लिपि चिह्नले एउटा शब्दको प्रतिनिधि गर्ने ध्वनिलिपिको प्रथम चरण शब्दात्मक लेखनको चरण हो । यसलाई चित्रात्मक वा रूपात्मक लेखन पनि भनिन्छ। चिनियाँ भाषाको लिपिमा यस्ता लेखनको प्रयोग पाइन्छ। चिनियाँ भाषामा सूर्य बुझाउन (रि) र मानिस बुझाउन (रेन) शब्दका लागि एक एक ओटा लिपि चिह्नको प्रयोग गरिएको हुन्छ।

- **अक्षरात्मक लेखन**

  एउटा अक्षरको लागि एउटा चिह्नको प्रयोग गरिने अवस्था यस चरण अन्तरगत पर्दछ । अक्षरका लेखन श्वासको एक झोक्का वा आघातमा गरिने हुँदा यसलाई आघातीय लेखन पनि भनेर विश्लेषण गरिएको पाइन्छ। मिस्रेली भावात्मक लिपि अक्षरात्मक लिपिका रूपमा विकसित भयो। यसबाट आक्षरिक लिपिको विकास हुँदा मूल चित्रलिपिमा परिवर्तित चिह्नहरूको अर्थ छोडी उच्चारणलाई लिएर आक्षरिक लिपिको

विकास गरियो (बन्धु, २०७४, पृ. ५)। जापानिज लिपि यसको उदाहरण हो। जापानी भाषामा मानिस जनाउन हितो शब्दमा हि र तो का लागि छुट्टाछुट्टै लिपि चिह्नको प्रयोग गरिन्छ।

- **वर्णनात्मक लेखन**

  शब्द वा अक्षरको लागि अलगअलग लिपि चिह्नको प्रयोग नगरी स्वनिम (वर्ण) का लागि फरकफरक लिपि चिह्नको उपयोग गर्नु वर्णनात्मक लेखनको चरण हो। यस लिपिलाई वार्णिक पनि भनिन्छ। ग्रिसेलीहरूले मूल लिपिबाट केही चिह्न मात्र लिए र त्यस्ता चिह्नलाई आफ्ना भाषाका वर्णका स्थानमा प्रयोग गरी वार्णिक लिपिको विकास गरे (बन्धु, २०७४, पृपृ. ५-६)। विश्वका अधिकांश भाषामा वर्णनात्मक लिपिको प्रयोग गरिएको पाइन्छ। यो संसारको सबैभन्दा विकसित लिपि हो। नेपाली भाषाको लिपि पनि वर्णनात्मक लिपिअर्न्तगत रहेको छ। यस लिपिको विकास भएपश्चात् संसारमा आधुनिक लिपिको विकास भएको पाइन्छ।

संसारमा लिपिको विकासक्रमलाई हेर्दा आजभन्दा छ हजार वर्ष अगाडि चित्रलिपिको विकास भएको बताइन्छ। प्राचीन कालमा मानवले गुफाहरूमा विभिन्न जीवजन्तुको चित्र कोरेको आकृतिको आधारमा यस लिपिको नामाकरण चित्रलिपि रहन गएको हो। त्यस पछि स्थूल रूपमा मानव विचार व्यक्त गर्ने भाव लिपिको विकास हुन थाल्यो। चिनियाँ लिपि यसको ज्वलन्त उदाहरण हो। यस पछि क्रमशः आक्षरिक लेखन र वार्णिक लिपिको विकास भएको हो। हाल ध्वनिवैज्ञानिकले ध्वनिलिपिको पनि विकास गरेका छन्, जुन अन्तर्राष्ट्रिय वर्णमालाको नामले चिनिन्छ (योञ्जन-तामाङ, २०७४, पृ. ५३)। वर्तमान समयलाई लिपि विकासको अत्याधुनिक अवस्था मानिन्छ।

**विश्वका भाषाहरूमा लिपिका प्रकार**

लिपिका प्रकारका बारेमा विद्वान्हरूका बिचमा मतविभाजन छ। जैन ग्रन्थमा १८ र बौद्ध ग्रन्थहरुमा ६४ प्रकारका लिपिहरु रहेको बताइएको छ (अधिकारी, २०७५, पृ. १३२)। हाल विश्वमा त्रिकोणात्मक वा वाणमुखी वा क्युनिफर्म लिपि, हिरोग्लाइफिक लिपि, क्रिट लिपि, हिट्टी लिपि, रोमन लिपि, चिनियाँ लिपि, ब्राह्मी लिपि, खरोष्ठी लिपि, अरबी लिपि, युनिकोड लिपि, साङ्केतिक लिपि, देवनागरी लिपि जस्ता लिपिहरू रहेकाले तिनको विश्लेषण निम्नानुसार गरिएको छ :

**त्रिकोणात्मक वा वाणमुखी वा क्युनिफर्म लिपि**

त्रिकोण वा वाणजस्तो भएकाले यसको नाम त्यहीअनुसार राखिएको पाइन्छ। वाणाकार लिपिको प्रयोग प्रचलन ई.पू. ४००० तिर भएको मानिन्छ र चित्रलिपिबाट नै यस्ता वाणाकार लिपिको विकास भएको हुनाले वाणाकार अथवा क्युनिफर्म लिपिको समय अझै प्राचीन कालसम्म पुग्छ। यस्ता लिपिलाई वाणाकार भन्नुको तात्पर्य के हो भने सर्वप्रथम गिलो इँटा र माटामा किलाले कोरेर चिह्नहरू बनाइन्थ्यो र यस्ता चिह्न वार्णकारमा हुन्थे। यस्ता प्रत्येक रेखा बनाउँदा गिलो इँटाका एकातिर मोटा र अर्कोतिर पातला रेखाका रूपमा बस्न आउँथे (बन्धु, २०७७, पृ. २३२)। सुरुमा माथिबाट तलतिर, पछि दायाँबाट वायाँतिर र अहिले वायाँबाट दायाँतिर लेखिएको पाइन्छ। कसैले थामस हाइड र कसैले क्याफरले यस लिपिको नामकरण गरेको भन्ने मत रहेको भेटिन्छ। यस लिपिको विकास चित्रात्मक लिपि हुँदै भावानुकूल लिपिबाट भएको विश्लेषण पाइन्छ।

**हिरोग्लाइफिक लिपि**

हिरोग्लाइफको अर्थ कपिएको पवित्र अक्षर हो। दायाँबाट वायाँतिर लेखिने लिपि यस लिपिलाई बीजाक्षर, गूढाक्षर, चित्राक्षर र पवित्राक्षर पनि भनिन्छ। ई.पू. चौथो शताब्दीदेखि इसाको छैटौं शताब्दीसम्म यसको प्रयोग भएको पाइन्छ। यसमा व्यञ्जन वर्णको मात्र उपयोग गरिन्छ। यसमा एउटै ध्वनिका निमित्त धेरै लिपि चिह्न र एउटै चिह्नका निमित्त धेरै ध्वनि प्रयोग हुन्छन् (तिवारी, सन् १९५१, पृ. ४८३)। चित्रात्मक हुँदै अक्षरात्मक लिपिबाट यसको विकास भएको पाइन्छ।

**क्रिट लिपि**

क्रिट भन्ने स्थानमा उत्पत्ति भएकाले यस लिपिको नाम क्रिट रहेको हो। यसको उयपोग ई.पू. ३००० देखि ई.पू. १७०० सम्म चित्रात्मक लिपि र ई.पू. १७०० देखि ई.पू. १२०० सम्म रेखात्मक लिपिका

रूपमा भएको देखिन्छ। यसमा हेरोग्लाइफिक लिपिको प्रभाव पनि छ। चित्रात्मक लिपिमा १३५ र रेखात्मक लिपिमा ९० ओटा चित्रहरू रहेका छन् (तिवारी, सन् १९५१, पृ. ४८४)। यो बायाँबाट दायाँतिर लेखिने लिपि हो।

**हिट्टी वा हिट्टाइट लिपि**

हिट्टाइट हेरोग्लाइफिक पनि भनिने यस लिपिको प्राचीनतम प्रयोग ई.पू. १५०० सम्मको भेटिएको छ। ई.पू. ६०० पछि यसको प्रयोग नपाइने यस लिपिका ४१९ चिह्नहरू रहेको भेटिन्छ (तिवारी, सन् १९५१, पृ. ४८४) । बायाँदेखि दायाँ र दायाँदेखि वायाँ दुबैतिर लेखनमा यो लिपि प्रचलित छ। चित्रात्मक प्रकृतिबाट भावनात्मक हुँदै ध्वन्यात्मक प्रकृतिमा यो लिपि रूपान्तर भएको छ।

**रोमन लिपि**

रोमन लिपि वायाँबाट दायाँतिर लेखिने वर्णनात्मक लिपि हो। सामी लिपिको उत्तरी शाखाबाट यस लिपिको विकास भएको हो। सामी लिपिको उत्तरी शाखाको आर्मेली भेदबाट हिब्रु, पहलबी र एसियाली लिपिको विकास भएको हो। ई.पू. सातौं शताब्दीमा एसियाली लिपिबाट युनानी लिपि हुँदै एट्रुस्कन लिपिबाट यस लिपिको जन्म भएको हो। यसमा स्वर र व्यञ्जन वर्णलाई बेग्लै पहिचान दिइएको छ। अहिले यसमा २६ लिपिचिह्न रहेका छन् । नेपालमा रोमन लिपिको प्रयोग राजा प्रताप मल्लका पालादेखि भएको हो । इसाई पादरीको उपत्यकामा प्रवेशसँगै फिरिङ्ग्याक्षर (रोमन लिपि) ले नेपालमा प्रवेश पायो (रेग्मी, २०७४, पृ. १०३)। यसरी नेपालमा प्रवेश गरेको यस लिपिले विस्तारै व्यापक स्थान ओगट्दै गएको देखिन्छ।

**चिनियाँ लिपि**

यस लिपिको बारेमा अनेकौं किंवदन्ती रहेको भेटिन्छ। कसैले 'फू' नामका व्यक्तिले ई.पू. ३३०० तिर र कसैले अर्का धार्मिक व्यक्तित्व 'त्युसेन' ले यस लिपिको विकास गरेको भनेर विरोधाभास पाइएको छ। यस लिपिको विकासको महत्वपूर्ण व्यक्तिको रूपमा 'तम्से कि' लाई मानिन्छ । शब्दमा आधारित यस लिपिमा प्रत्येक शब्दका लागि अलगअलग चिह्नको प्रयोग गरिएको पाइन्छ । एकल चित्रात्मक, संयुक्त चित्रात्मक, भावचिह्न र ध्वन्यात्मक संयुक्त चिह्न गरी ५००० ओटा चिह्नहरू रहेका छन् । यस लिपिमा समयअनुसार परिवर्तन भए तापनि अहिलेसम्म यो भावात्मक लिपिकै रूपमा छ । अहिले पनि यसमा प्रत्येक शब्दका लागि बेग्लाबेग्लै चिह्न भएकाले सामान्य लेखपढका लागि पनि धेरै चिह्न जान्नुपर्छ। चिनियाँ प्राचीन साहित्य पढ्नेले यस्ता १५,००० देखि २०,००० सम्म चिह्नहरू जान्नु आवश्यक छ (बन्धु, २०७७, पृ. २३३) । धेरै चिह्न र प्रत्येक चिह्नमा बाङ्गाटिङ्गा रेखा भएकाले यसलाई कठिन लिपिका रूपमा चिनिन्छ । पछि चिनियाँहरूले केही लिपि चिह्नहरू हटाएर सरलीकृत गर्ने प्रयास गरेका छन्।

**ब्राह्मी लिपि**

ई.पू. पाचौँ शताब्दीबाट यस लिपिको विकास भएको मानिन्छ। ब्राह्मी लिपिको ई.पू. ३५० देखि ई.पू. ३०० सम्मको अवधिलाई प्रयोगावस्था मानिएको छ। कसैले ग्रिक, कसैले आर्माइक, कसैले सामेली, कसैले फोनेसियनबाट (बन्धु, २०७४, पृ. ६) ब्राह्मी लिपिको विकास भएको मानेका छन्। कसैले ब्रह्माद्वारा, कसैले ब्राह्मणद्वारा यसको नामकरण गरिएको र कसैले ब्रह्म (वेद वा ज्ञान) को रक्षाका लागि यस लिपिको प्रयोग गरिएको बताएका छन्। यस लिपिमा ९ स्वर र ३२ व्यञ्जन गरी जम्मा ४१ वटा अक्षर रहेका छन्। ब्राह्मी लिपिका उत्तरी र दक्षिणी गरी दुई शाखा छन्। उत्तरी शाखाबाट गुप्त, कुटिल, पूर्वलिच्छवी, देवनागरी, तिरहुता, सम्भोटा, सिरिजङ्गा लिपिहरू विकास भएका छन् भने दक्षिणी शाखाबाट दक्षिण भारतमा प्रचलित लिपिहरूका साथै सिंहली, बर्मेली, जावाली लिपिहरू विकसित भएका छन्। ब्राह्मी लिपिको नमुना भारतको पिपरावाको स्तुपामा तथा अजमेर जिल्लाको बडली गाउँको शिलालेखमा भेटिन्छ । नेपालमा ब्राह्मी लिपिको नमुना पिपरहवा र लुम्बिनीका स्तम्भलेखमा अङ्कित छ (अधिकारी, २०७५, पृ.१३४) । ब्राह्मी लिपि देवनागरी लिपिको आधारस्तम्भ हो।

**खरोष्ठी लिपि**

मिस्रेली अक्षरात्मक लिपिबाट फोनेसियन, आरामाइक हुँदै खरोष्ठी लिपि विकसित भएको मानिन्छ (अधिकारी, २०७५, पृ.१३२) । यस लिपिमा मात्राको

कम प्रयोग भएको पाइन्छ। यो संयुक्त अक्षरको लेखन प्रयोग नपाइने लिपि हो । सुरुमा दायाँबाट वायाँतिर लेखिए पनि ब्राह्मी लिपिको प्रभाव बढ्दै गएपछि बायाँबाट दायाँतिर लेख्न थालिएको पाइन्छ । सम्राट अशोकको स्तम्भमा खरोष्ठी लिपिको प्रयोग भएको भेटिन्छ। यस लिपिमा ५ ओटा स्वर र ३२ ओटा व्यञ्जन गरी जम्मा ३७ ओटा वर्ण रहेको पाइन्छ।

**अरबी लिपि**

यो प्राचीन सामी लिपिबाट विकसित भएको विश्वको बहुप्रचलित लिपि हो । सामी लिपिबाट विकसित उत्तर सामेली लिपिको आर्मेली शाखाबाट बनेको सिनेटिक लिपिबाट यस लिपिको विकास भएको हो । व्यञ्जन वर्णको आधिक्य रहेको यस लिपिमा ३७ चिह्न रहेका छन् । यसको प्राचीनतम अभिलेख ई.पू. ५१२ सम्मको भेटिएको पाइन्छ । विकासका आधारमा कुफी र नस्खी गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। मक्का, मदिनामा विकसित लिपिलाई नस्खी लिपि र मेसोपोटामियाको कुफी नगरमा विकसित लिपिलाई कुफी भनिएको पाइन्छ। सुरुमा अभिलेख कार्यमा कुफी लिपिको बढी प्रयोग र पछि सामान्य कार्यमा नस्खी लिपिको उपयोग भएको पाइन्छ (तिवारी, सन् १९५१, पृपृ. ४८९-४९०)। दायाँबाट वायाँतिर लेखिने अरबी लिपि भारत, अफगानिस्तान, इरान, इराक आदि क्षेत्रमा प्रयोग गरिने प्रसिद्ध लिपि हो।

**देवनागरी लिपि**

देवनागरी लिपि ब्राह्मी लिपिबाट विकसित लिपि हो । कसैले नगरमा प्रचलित भएको, कसैले नगर ब्राह्मणहरूले प्रयोग गरेको र कसैले तान्त्रिक मन्त्र देवनगरका चिह्नसँग मिलेको हुनाले देवनागरी लिपि नामाकरण गरेको भनेर मतभिन्नता रहेको भेटिन्छ । ब्राह्मी लिपिको नमुना भारतको पिपरावाको स्तुपामा तथा अजमेर जिल्लाको बडली गाउँको शिलालेखमा भेटिएको छ । त्यसैगरी यसको नमुना नेपालमा लुम्बिनीको अशोकस्तम्भमा पनि छ।

ब्राह्मी लिपिका उत्तरी र दक्षिणी गरी दुई शाखा छन् । उत्तरी शाखाबाट गुप्त, कुटिल, पूर्वलिच्छवी, देवनागरी, तिरहुता, सम्भोटा, सिरिजङ्गा जस्ता लिपिहरू (बन्धु, २०७४, पृ. ६) विकास भएका र दक्षिणी शाखाबाट दक्षिण भारतमा प्रचलित लिपिका साथै सिंहली, बर्मेली, जावाली लिपिहरू विकसित भएका हुन् । चौथो शताब्दीको उत्तरार्धतिर उत्तरी शाखाबाट गुप्त लिपिको विकास र यसैबाट छैटौं शताब्दीमा कुटिल लिपिको विकास भएको मत भेटिएको छ । नेपालको पुरातत्त्व विभागले गुप्त लिपिलाई पूर्वलिच्छवी र कुटिल लिपिलाई उत्तर लिच्छवी नाम दिएको छ। आठौं वा नवौं शताब्दीतिर कुटिल लिपिबाट प्राचीन देवनागरी लिपिको विकास भएको र बाह्रौं शताब्दीबाट यही प्राचीन देवनागरी लिपिबाट आधुनिक देवनागरी लिपिको विकास भएको मानिन्छ । नेपाली, हिन्दी, मराठीलगायत नेपाल र भारतका अन्य भाषामा पनि देवनागरी लिपिको प्रयोग देखिन्छ।

देवनागरी लिपिमा आज नेपाल र भारतमा जति सामग्रीहरू प्रकाशन भइरहेका छन्, त्यति अर्को कुनै पनि दक्षिण एसियाली लिपिमा प्रकाशन भएका छैनन्। देवनागरी लिपि आधारभूत रूपमा संस्कृत भाषाको वर्णव्यवस्थालाई सुहाउने गरी लेख्न विकसित भएकाले र दक्षिण एसियाका सबै मातृभाषामा वैज्ञानिक र प्राविधिक तथा पारिभाषिक नव शब्दावली बनाउँदा संस्कृतकै धातु, प्रातिपदिक, उपसर्ग, प्रत्यय र संस्कृत व्याकरण तथा संस्कृत भाषाका कोशको उपयोग गरेर बनाइने हुनाले दक्षिण एसियाका सबै मातृभाषाको आधुनिक अभिव्यक्ति सामर्थ्य बढाउन देवनागरी लिपि हुँदा सबभन्दा सजिलो पर्छ (पोखरेल, २०७४, पृ. २९)। दक्षिण एसियाका भाषाका उच्चार्य वर्णहरूलाई देवनागरी लिपिमा लेख्न बनाउन सक्ने अवस्था रहेको छ । यसले गर्दा देवनागरी लिपि दक्षिण एसियाका भाषाहरूमा बढी प्रचलित रहेको देखिन्छ।

**देवनागरी लिपिका विशेषताहरू**

यो लिपि पूर्ण रूपमा वर्णनात्मक लिपि र आंशिक रूपमा शब्दात्मक लिपिका रूपमा विकसित भएको हो। यस लिपिमा अ, आ, इ, ... क, ख, ग, ... आदि वर्णनात्मक लिपि चिह्न र १, २, ३, ... +, −, /, ..., ।, ?, ‘ ’,... आदि शब्दात्मक लिपि प्रयोग भएका छन्। ध्वनिहरूको सङ्ख्या प्रशस्त रहेको यस लिपिमा स्वर र व्यञ्जन वर्णको प्रयोग गरिएको छ । नेपाली

लेख्नेहरू व, ब, श, ष, स तथा ह्रस्व र दीर्घ, इ, ई, एवं उ, ऊ मा भेद गर्दछन् । यी सबै नेपाली भाषामा व्यतिरेकी वर्ण होइनन् (बन्धु, २०७७, पृ. २३६)। यसर्थ यस कुरामा पनि नेपाली देवनागरी लिपिको प्रयोगकर्ताले ध्यान दिनु आवश्यक हुन्छ।

व्यञ्जन वर्णमा स्वरवर्ण मात्राका रूपमा रहने व्यवस्था रहेको छ। क्+अ= क, क्+आ= का, क्+इ= कि,...क्+अः= कः यसको केही उदाहरणहरू हुन्। यस लिपिमा डिको अनिवार्य रूपमा दिएर लेख्ने प्रचलन रहेको छ। जस्तै : काका, मामा, आफ्नो। यस लिपिमा अ+उ= औ, अ+इ= ऐ जस्ता संयुक्त स्वरवर्ण, अ+म्= अं, अ+ह्=अः जस्ता स्वर र व्यञ्जन भएको संयुक्त वर्ण, क्+ष=क्ष, द्+य =द्य जस्ता संयुक्त व्यञ्जन वर्ण संयुक्त वर्ण लेख्ने प्रावधान रहेको पाइन्छ । यस लिपिको अर्को विशेषता आँखा, आँप आदि नासिक्य स्वरलाई चन्द्रविन्दु ( ँ ) दिने प्रचलन रहेको देखिन्छ।

देवनागरी लिपि देब्रेबाट दाहिनेतिर लेखिन्छ । यसमा युनानी, रोमन र रुसी भाषामा लेखिने सिरिलिक लिपिमा जस्तो लेखिममा ठुलो र सानो खालको भेद हुँदैन । यसमा प्रायः व्यञ्जनका लागि छुट्टै सग्लो सङ्केत दिइन्छ भने व्यञ्जन पछाडि आउने स्वर चाहिँ मात्राका रूपमा व्यक्त गरिन्छ (पोखरेल, २०७४, पृ. २४) । वायाँबाट दायाँतिर लेखिने यस लिपिमा केही एउटै वर्णका भिन्न रूप पनि प्रचलनमा छन् । जस्तै : भ्क- **झ**, ण-रा, र-र्, ‸, ´, ⸝, ⁼ (गर्, ट्रक, कर्म, क्रम, च्याल) आदि । बिबाह-विवाह, सोसन-शोषण जस्ता उच्चारण र लेखाइमा केही भिन्न रूप पनि यस लिपिमा छन् । घ-ध-द्य, म-भ, ब-व आदि जस्ता कतिपय वर्णमा समानता पाइन्छ । काम्-काम जस्ता बोल्दा हलन्त उच्चारण गरे पनि लेख्य रूपमा अजन्त लेखिने विशेषता पनि यस लिपिमा पाइन्छ।

### टङ्कणमा देवनागरी लिपिको प्रयोग

ध्वन्यात्मक रूपलाई लिपिमा अभिव्यक्त गर्ने कार्य टङ्कण हो । यो अङ्ग्रेजीको टाइप शब्दको समनार्थी शब्द हो । कम्प्युटर, ल्यापटप, टाइप राइटर आदिको सहायताले अक्षर लेख्ने वा टाइप गर्ने कार्य नै टङ्कण हो । हरेक भाषाको विकास, विस्तार र समुन्नतिका लागि प्रविधिमा लिपिको सरल पहुँच आवश्यक हुन्छ । देवनागरी लिपि प्रिती, कान्तिपुर, मङ्गल आदि फन्टमा टङ्कण गरिन्छ । भाषाको विश्वव्यापीकरणमा गुगलको सहयोगका कारण युनिकोडमा पनि देवनागरी लिपिमा टङ्कण सुरु गरिएको छ। देवनागरी लिपिलाई प्रविधिमैत्री बनाउन निम्न समस्या सिर्जना भएका छन् :

- क, ख, ग जस्ता केही वर्ण टङ्कण गर्न एकपटक किबोर्ड थिच्दा हुने तर ई, फ, भ्क, अं जस्ता वर्ण टङ्कण गर्न किबोर्ड दुई पटक थिच्नुपर्ने,
- ङ, फ, द्व जस्ता वर्ण टङ्कण गर्न अल्ट कि थिचिराखेर क्रमशः ०१७०, ०१३६, ०२२९ कि थिच्नु पर्ने जटिलता रहेको,
- ह्रस्व-दीर्घ, शिरविन्दु-चन्द्रविन्दु, लेख्य चिह्नको प्रयोग, डिको दिनै पर्ने अवस्था,
- अङ्ग्रेजी भाषामा भएको भाषिक शक्ति र सरलीकरणले त्यस भाषाप्रतिको मोह,
- बोलाइ र लेखाइमा संस्कृत भाषाको अत्यधिक प्रभाव,
- संयुक्त वर्णको प्रयोग, आकार-इकार, मात्रा, हलन्त-अजन्त, पदयोग-पदवियोग, श-ष-स, रि-ऋ, व-ब, ग्यँ-ज्ञ, य-ए, छ्य-क्ष को प्रयोग र
- कथ्य र लेख्यमा विविधताका कारणले देवनागरी लिपिको टङ्कणमा शुद्धता र एकरूपता कायम गर्न चुनौती रहेको।

यसरी ब्राह्मी लिपिबाट विकसित देवनागरी लिपि नेपाली भाषाबाहेक संस्कृत, पालि, अपभ्रंश, हिन्दी आदि भाषाहरूमा पनि प्रचलित रहेको छ। ङ, फ, द्व जस्ता वर्ण टङ्कण गर्न अल्ट कि थिचेर क्रमशः ०१७०, ०१३६, ०२२९ कि थिच्नुपर्ने जस्ता जटिलतालाई प्राविधिक रूपमा सरलीकरण गर्नुपर्छ। यस लिपिको टङ्कणमा देखिएका अन्य समस्या समाधानमा संस्थागत पहल हुनु आवश्यक छ।

### निष्कर्ष

संसारमा लिपि विकासका सम्बन्धमा विभिन्न मतमतान्तर रहेको देखिन्छ। समयका हिसाबले यसमा अझ बढी मत भिन्नताहरू भेटिन्छ। मानव सभ्यताको

विकास सँगसँगै चित्रलिपि, सङ्केतलिपि र भावलिपिबाट आधुनिक लिपिको विकास भएको निष्कर्ष निकाल्न सकिन्छ । भावलिपिको पनि शब्दात्मक लेखनको चरण, अक्षरात्मक लेखनको चरण हुँदै वर्णात्मक चरणबाट आजको लिपिको विकास भएको देखिन्छ । संसारमा यति नै लिपि छन् भनेर किटान गर्न सकिँदैन ।

विश्वका केही प्रचलित लिपिको समीक्षाबाट चित्रलिपि, सङ्केतात्मक लिपि हुँदै भावात्मक लिपिको वर्णात्मक लेखनको चरणबाट आधुनिक लिपिको विकास भएको निष्कर्ष निकालिएको छ । ब्राह्मी लिपिको उत्तरी र दक्षिणी गरी दुई शाखामध्ये उत्तरी शाखाबाट देवनागरी लिपिको विकास भएको हो । आधुनिक नेपाली भाषाको विकासमा देवनागरी लिपिको महत्त्वपूर्ण स्थान रहेको छ।

संसारमा साङ्केतिक भाषा र ब्रेल लिपिको पनि प्रयोग उपयोगमा रहेको छ । नेपालमा रहेका बहिरा समुदायले नेपाली साङ्केतिक भाषाको उपयोग गरेर भाषिक प्रकार्य पूरा गर्दछन् । यसको विकास र विस्तारमा पनि राज्यस्तरबाट सार्थक पहल हुन जरुरी देखिन्छ । देवनागरी लिपि र साङ्केतिक भाषाको सम्बन्धलाई पनि सँगसँगै अगाडि बढाउनु वाञ्छनीय देखिन्छ । देवनागरी लिपिको टङ्कणमा देखिएका समस्याहरू न्यूनीकरण गर्दै अगाडि बढेमा विज्ञान र प्रविधिको आधुनिक विकासलाई पनि यसले सम्बोधन गर्न सक्छ।

## सन्दर्भसूची


अधिकारी, सूर्यमणि (२०७५), *नेपाली भाषाको इतिहास,* काठमाडौं : भुँडीपुराण प्रकाशन।

अधिकारी, हेमाङ्ग राज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार।

ओझा, रामनाथ (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : वाङ्मय प्रकाशन गृह।

तिवारी, भोलानाथ (सन् १९५१), *भाषा विज्ञान,* इलाहावाद : किताब महल प्रा. लि.।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* काठमाडौं : पाठ्य सामग्री पसल।

पोखरेल, माधव प्रसाद (२०७४), देवनागरी लिपि, चूडामणि बन्धु (सम्पा.), *नेपालमा प्रचलित प्रमुख लिपिहरू स्थिति, समस्या र समाधान* (पृपृ. १०–३०), काठमाडौं : अक्षर सदन।

बन्धु, चूडामणि (२०७७), *भाषाविज्ञान* (दसौं संस्क.,), काठमाडौं : साझा प्रकाशन।

बन्धु, चूडामणि (२०७४), लेखन पद्धति र नेपालमा प्रचलित लिपिहरू, चूडामणि बन्धु (सम्पा.), *नेपालमा प्रचलित प्रमुख लिपिहरू स्थिति, समस्या र समाधान* (पृपृ. १–९), काठमाडौं : अक्षर सदन।

योञ्जन–तामाङ, अमृत (२०७४), सम्भोटा लिपि, नेपालमा प्रचलित चूडामणि बन्धु (सम्पा.), *प्रमुख लिपिहरू स्थिति, समस्या र समाधान* (पृपृ. ५२–६५), काठमाडौं : अक्षर सदन।

रेग्मी, दानराज (२०७४), रोमन लिपि चूडामणि बन्धु (सम्पा.), *नेपालमा प्रचलित प्रमुख लिपिहरू स्थिति, समस्या र समाधान* (पृपृ. १०१–११६), काठमाडौं : अक्षर सदन।

रेग्मी, दानराज (सन् २०१७), नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण : समीक्षात्मक विश्लेषण, *गिपान,* भोलुम ३ : २, २२८–२६०।